# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल


प.सं.: ०७६/०७७/प्रशासन
च.नं.:

मिति : २०७७/०२/०१

## जरुरी सूचना !!!

मिति २०७७/०२/०१ गते बसेको नगर कार्यपालिकाको निर्णयानुसार लकडाउन सम्बन्धी अन्य व्यवस्थाहरु पूर्ववत रुपमा यथावत रहने गरी देहाय बमोजिम थप तथा संशोधन गरिएको व्यहोरा सम्वद्ध सबैमा सूचित गरिन्छ ।

तपसिल:

- यस नगरपालिकाबाट बाहिर आवत जावतका लागि सबैतिरका सहायक नाकाहरु पूर्ण रुपमा सिल गरी सिद्धार्थ राजमार्गको (बुटवल-बेलहिया व्यापारिक सडक) मात्र प्रयोग गर्ने/गराउने।
- तोकिएको समय बाहेक लकडाउन सम्बन्धी सूचनाको उलंघन गरी पसल तथा व्यवसाय संचालन गर्नेलाई नेपाल सरकारले तोकेको लकडाउन अवधिभर पसल, व्यवसाय खोल्न नपाउने गरी सिल गर्ने ।
- नगरक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका बैंक तथा वित्तिय संस्था (बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्था समेत) ले हप्तामा ३ (तीन) दिन आइतबार, मंगलबार र बिहिबार बिहान १०:०० देखि दिउसो १:०० बजे सम्म मात्र बैंकिङ्ग तथा वित्तिय सेवा प्रवाह गर्ने/गराउने ।
- दुग्धजन्य पदार्थ विक्री वितरण गर्ने डेरी तथा दुग्ध उत्पादकहरुले बिहान ६:०० बजे देखि ८:०० बजे सम्म र अपरान्ह ४:०० देखि साँझ ६:०० बजे सम्म विक्री वितरण गर्ने ।

२०७७/०२/०१

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत